आ.व. ०७७।०७८
वैठकः- नगर कार्यपालिका वैठक
अध्यक्षताः- नगर प्रमुख अशोक कुमार शाही

वैठक नं. १७।०७७।०७८
मितिः-२०७७।१२।१९ गते
स्थानः- ता.न.पा सभाहल
समयः- विहान ८.०० वजे

तानसेन नगर कार्यपालिकाको वैठक तानसेन नगरपालिकाका नगर प्रमुख **श्री अशोक कुमार शाही** ज्युको अध्यक्षतामा नगर कार्यपालिकाका देहायका पदाधिकारीहरुको उपस्थितिमा वसी निम्नानुसारको निर्णयहरु सहित सम्पन्न गरियो ।

## उपस्थिति

| नाम थर | पद | ठेगाना | कार्यपालिका | उपस्थिति |
|---|---|---|---|---|
| श्री अशोक कुमार शाही | नगर प्रमुख | ता.न.पा. २ | अध्यक्ष | [signature] |
| श्री लक्ष्मीदेवी पाठक | नगर उपप्रमुख | ता.न.पा. ९ | सदस्य | [signature] |
| श्री दामोदर प्रसाद घिमिरे(प्रवक्ता) | वडा अध्यक्ष | ता.न.पा. ११ | सदस्य | — |
| श्री रामप्रसाद वस्याल | वडा अध्यक्ष | ता.न.पा १ | सदस्य | — |
| श्री वरुणप्रसाद रेग्मी | वडा अध्यक्ष | ता.न.पा २ | सदस्य | [signature] |
| श्री महेशलाल शाक्य | वडा अध्यक्ष | ता.न.पा. ३ | सदस्य | [signature] |
| श्री राम वहादुर रावल | वडा अध्यक्ष | ता.न.पा ५ | सदस्य | [signature] |
| श्री सागरमान महर्जन | वडा अध्यक्ष | ता.न.पा.६ | सदस्य | [signature] |
| श्री मुक्तिराम जि.सी. | वडा अध्यक्ष | ता.न.पा ७ | सदस्य | [signature] |
| श्री रामप्रसाद घिमिरे | वडा अध्यक्ष | ता.न.पा.८ | सदस्य | [signature] |
| श्री हरिसुमर रेग्मी | वडा अध्यक्ष | ता.न.पा.९ | सदस्य | [signature] |
| श्री लोचनप्रसाद तिमिल्सिना | वडा अध्यक्ष | ता.न.पा.१० | सदस्य | [signature] |
| श्री देवेन्द्र वहादुर राना | वडा अध्यक्ष | ता.न.पा.१२ | सदस्य | [signature] |
| श्री टुकप्रसाद भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१३ | सदस्य | [signature] |
| श्री कमल राना | वडा अध्यक्ष | ता.न.पा.१४ | सदस्य | [signature] |
| श्री शशी श्रेष्ठ | का.पा. सदस्य | ता.न.पा.१ | सदस्य | [signature] |
| श्री सुनिता श्रेष्ठ वैजु | का.पा. सदस्य | ता.न.पा.३ | सदस्य | [signature] |
| श्री मैयादेवी घिमिरे | का.पा. सदस्य | ता.न.पा.६ | सदस्य | [signature] |
| श्री बुद्धिसरा वि.क. | का.पा. सदस्य | ता.न.पा.१० | सदस्य | [signature] |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| श्री कमला भण्डारी | का.पा. सदस्य | ता.न.पा.१३ | सदस्य | |
| श्री दिपक विश्वकर्मा | का.पा. सदस्य | ता.न.पा.५ | सदस्य | — |
| श्री विमला वौडेल | का.पा. सदस्य | ता.न.पा.८ | सदस्य | |
| श्री भीम बहादुर कुमाल | का.पा. सदस्य | ता.न.पा.७ | सदस्य | |
| श्री पिताम्बर पाण्डे | प्रमुख प्रशासकीय अधिकृत | ता.न.पा | सचिव | |

**आमन्त्रित**

श्री गणेश बहादुर थापा का.वा. वडा अध्यक्ष ता.न.पा ४

Scanned with CamScanner

निर्णय नं. १

तानसेन नगरपालिका भित्र कोभिड १९ खोप कार्यक्रम संचालनको लागि यातायात तथा खोप कार्यकर्ता स्वयंसेवक चिकित्सक तथा अनुगमन कर्ताको लागि खाजा यातायात लगायतको खर्च वापत पेश भएको खर्च रु. ९९,२००। ता.न.पाको कोभिड १९ विशेष कार्यक्रमवाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय न. २

मिति २०७७।१२।२१ गते देखि नगरस्तरीय दोश्रो राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता संचालन तथा व्यवस्थापनका लागि सशर्त अनुदान तर्फ प्राप्त वजेट न्युन हुने देखिएकोले नपुग हुने रकम निसर्त अनुदान तर्फवाट विनियोजित युवा तथा खेलकुद कार्यक्रमवाट रु. ५,००,०००। र खेलकुद सामाग्री व्यवस्थापन शिर्षकवाट रु. ५०,०००। गरी जम्मा रु.५,५०,०००। खर्च गर्ने निर्णय गरियो ।

निर्णय न. ३

तानसेन नगरपालिका वडा नं. १० वयरघारी तल्लो गणशाल कृषि सडक स्तरोन्नतीको लागि प्राविधिक इष्टिमेट सहित प्रदेश स्थित भौतिक पूर्वाधार विकास मन्त्रालय रुपन्देहीमा सिफारिसको लागि माग भई आएकोले उक्त योजनाको लागि आवस्यक सहयोगका लागि सिफारिस गरी पठाउने निर्णय गरियो ।

निर्णय न. ४

प्राकृतिक विपद्वाट संरचना विग्रन गई तत्काल मर्मत गर्नुपर्ने सडक तथा सिंचाई कुलोको लागि लगत स्टिमेट तयार गरी वडा नं. ६, ७, ८, ९, १०, १२ १३, १४ का वडाहरुको मर्मत कार्य अगाडी वढाउने निर्णय गरियो ।

निर्णय न. ५

तानसेन नगरपालिका अन्तर्गतका विभिन्न स्थानहरुमा व्यवस्थित पार्किङ्ग नभएको र सो को व्यवस्थापनका लागि प्रभास क्षेत्र लगायतका अन्य स्थानहरुमा पार्किङ्ग व्यवस्थापन गर्ने सन्दर्भमा तत्कालका लागि सम्वन्धित क्षेत्रमा आपसी वार्तावाट आर्थिक ऐन २०७७ मा व्यवस्था भएको दररेटमा पार्किङ्ग शुल्क अशुली र व्यवस्थापन गर्न राजश्व परामर्श समितिको तोकेको न्युनतम मापदण्ड भित्र रही कार्य प्रकृया अगाडी वढाउने निर्णय गरियो ।

निर्णय न. ६

ता.न.पा. वडा नं. १२ को वडा कार्यालय भवनको छानो चुहिन गएकोले सो को ल.ई गरी मर्मत संहार कोषवाट खर्च गर्नेगरी आवस्यक प्रकृया अगाडी वढाउने निर्णय गरियो ।

निर्णय नं. ७

तानसेन नगरपालिकाको करार सेवामा कार्यालय सहयोगीको रुपमा कार्यरत कर्मचारी श्री कोक बहादुर मश्राङ्गीको श्रीमतीको असामहिक निधन भएकोले मृतकको कृया खर्च वापत रु. १०,०००। (दश हजार मात्र) आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

पिताम्बर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

तानसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तानसेन पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३

Scanned with CamScanner

**निर्णय न. ८**

तानसेन नगरपालिकाको श्रीनगर क्षेत्र संचालन तथा व्यवस्थापनको लागि यस चालु आ.व.को. वाकी अवधीको लागि न्यनतम रु. ३ (तीनलाख) अंक कायम गरी आपसी वार्ताद्धारा वढावढमा ठेक्का व्यवस्थापनवाट गर्ने, यदि ठेक्का व्यवस्थापन हुन नसकेमा अमानतवाट अशुलीको व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय न. ९**

तानसेन नगरपालिकामा भूमि सम्वन्धी समस्या समाधान आयोगको कार्य गर्नेगरी इकाई प्रमुखको रुपमा तानसेन नगरपालिका नगर कार्यपालिकाको कार्यालयका वरिष्ठ अधिकृत श्री दुर्गा बहादुर थापालाई मनोनयन गर्ने निर्णय गरियो ।

पिताम्बर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

तानसेन नगरपालिका नगर कार्यपालिकाको कार्यालय तानसेन पाल्पा लुम्बिनी प्रदेश, नेपाल २०७३

Scanned with CamScanner